# ‘कर्नेलको घोडा’ कथामा विश्वदृष्टि

**भगवती बस्नेत**, (विद्यावारिधि शोधार्थी) मानविकी तथा सामाजिक शास्त्र सङ्काय, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

Email : basnetsibu@gmail.com

Orcid iD : https://orcid.org/0009-0005-6184-6100

**लेखसार**

प्रस्तुत लेखमा विश्वेश्वरप्रसाद कोइरालाको ‘कर्नेलको घोडा’ कथामा विश्वदृष्टिको अध्ययन गरिएको छ । यस लेखका लागि पुस्तकालयबाट सङ्कलित प्राथमिक र द्वितीयक स्रोतका सामग्रीको उपयोग गरिएको छ । यसको प्राथमिक स्रोतका सामग्री ‘कर्नेलको घोडा’ कथा हो । द्वितीयक स्रोतका सामग्रीका रूपमा विश्वदृष्टिको सैद्धान्तिक र प्रायोगिक पक्षका विषयमा गरिएका विभिन्न पुस्तक, पत्रपत्रिका, अनुसन्धानात्मक जर्नल र लेख एवम् शोधप्रबन्धको उपयोग गरिएको छ । यस लेखको सैद्धान्तिक आधार लुसिएँ गोल्डमानको विश्वदृष्टिसम्बन्धी मान्यतालाई बनाइएको छ । गणात्मक अनुसन्धान पद्धतिमा अधारित यस लेखमा पाठविश्लेषण विधिको उपयोग गरिएको छ चने वर्णनात्मक, व्याख्यात्मक एवम् विश्लेषणात्मक विधिद्वारा समस्याको निरूपण गरिएको छ । कथामा आर्थिक सम्पन्नता र शक्तिको अहम्ले निर्मित सामन्ती एवम् पितृसत्तात्मक विश्वदृष्टिको जीवन्त चित्रण छ । पैँतालीस वर्षका कर्नेल र परिपक्व बैँस बोकेकी १९ वर्षकी कर्नेल्नीबिचको अनमेल विवाहका माध्यमबाट कथाकारले नारीलाई केवल जड, उपभोग्य र चल–सम्पत्तिका रूपमा हेर्ने कुरुप पुरुष–मानसिकताको चिरफार गरेका छन् । महँगा भौतिक सुखसुविधा र आभूषणले तृप्त हुन नसकेकी कर्नेल्नीले एउटा सेतो घोडाप्रति दर्शाएको अगाध स्नेहले नारीभित्रको तीव्र मानसिक सङ्कट, भावनात्मक रित्तोपन र प्राकृतिक आकाङ्क्षालाई सङ्केत गर्छ । आफ्नी स्त्री आफूभन्दा बढी मूक जनावरसँग एकाकार भएको दृश्यले कर्नेलको पुरुष अहम्मा चोट पुग्दा, त्यसकै क्रूर परिणतिस्वरूप उनले घोडाको हत्या गर्छन् । यस अध्ययनबाट कथाको विश्वदृष्टि तत्कालीन नेपाली समाजको शोषित नारी वर्ग र शोषक पुरुष वर्गको सामूहिक चेतनाको अन्तद्वन्द्वपूर्ण रूप भएको निष्कर्ष निकालिएको छ ।

*शब्दकुञ्जीः* वर्गीय अस्तित्व, दमनकारी पितृसत्ता, सांस्कृतिक बिम्ब, समानधर्मिता

**Article's information**
Manuscript received: 2026/01/20, Date of review: 2026/03/10, Date of manuscript acceptance: 2026/06/08
Publisher: Department of Nepali, Mahendra Morang Adarsh Multiple Campus, Biratnagar, Tribhuwan University.
DOI: https://doi.org/10.3126/vaikharivani.v3i2.96182
Homepage: https://www.nepjol.info/index.php/vaikharivani/; Copyright (c) 2026 Vaikharivani.
This work is licensed under the Creative Commons CC BY-NC License.
https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयपरिचय

विश्वेश्वरप्रसाद कोइराला (वि.सं. १९७१–२०३९) आधुनिक नेपाली कथा र उपन्यास विधाका एक युगप्रवर्तक एवम् स्थापित स्रष्टा हुन् । उनले प्रारम्भमा हिन्दी भाषामा कथा सिर्जना गरे तापनि नेपाली कथाका क्षेत्रमा भने वि.सं. १९९२ मा शारदा पत्रिकामा ‘चन्द्रवदन’ कथा प्रकाशित भएपछि उनी सार्वजनिक भएका हुन् । झन्डै चार दशक लामो साहित्यिक यात्रामा कोइरालाका *दोषी चश्मा* (२००६) र *श्वेतभैरवी* (२०३९) जस्ता महत्त्वपूर्ण कथासङ्ग्रहहरू प्रकाशित छन् । यी सङ्ग्रहका अतिरिक्त *तीन घुम्ती* (२०२५), *नरेन्द्रदाइ* (२०२७), *सुम्निमा* (२०२७), *मोदिआइन* (२०३६), *हिट्लर र यहुदी* (२०३७), र *बाबु, आमा र छोरा* (२०४५) जस्ता कालजयी उपन्यासहरूका माध्यमबाट कोइरालाको स्थान आधुनिक नेपाली आख्यानको क्षेत्रमा शीर्षस्थ रूपमा स्थापित भएको छ । नेपाली आख्यान साहित्यमा मनोविज्ञानको प्रथम प्रयोक्ताका रूपमा चिनिने कोइरालाका कृतिहरूमा यौन मनोविज्ञानका मूलविषयवस्तुमा

आधारित रहनुका साथै समाजमा घटेका विविध घटनाहरूलाई मनोवैज्ञानिक ढङ्गले चिरफार गरिएकाले उनलाई नेपाली साहित्यमा मनोवैज्ञानिक यथार्थवादी धाराका प्रवर्तक मानिन्छ । उनको 'दोषी चश्मा' कथासङ्ग्रहमा सङ्गृहीत 'कर्नेलको घोडा' कथा यसै शोधकार्यको विवेच्य सामग्री बनेको छ । यस सन्दर्भमा यस कथाका विषयमा भएका पूर्वाध्ययनको समीक्षा गरी रिक्तता खोज्नु उपयुक्त हुन्छ ।

विश्वेश्वरप्रसाद कोइरालाको कर्नेलको घोडा कथामा केन्द्रित रहेर नेपाली साहित्यमा विभिन्न दृष्टिकोणबाट पूर्वकार्यहरू भएका छन् । यसै क्रममा अर्का अनुसन्धानकर्ता केशवराज चालिसे (सन् २०१९) ले आफ्नो लेखमा कथाकी पात्र कर्नेल्नीले भोग्नुपरेको मानसिक दमन र अन्तद्र्वन्द्वलाई पुरुषवादी अहम्को परिणामका रूपमा व्याख्या गर्दै कथामा लैङ्गिक उत्पीडनको पाटो बलियो रहेको उल्लेख गरेका छन् । यस कथाका विषयमा बिष्णुप्रसाद शर्मा (सन् २०२०) कर्नेलको घोडा कथामा सङ्कथनात्मक विश्लेषणमा सङ्कथन विश्लेषण सिद्धान्त आधारमा कथालाई सम्बद्धक र सम्बद्धनका कोणबाट विश्लेषण गरे कर्नेलको घोडामा अन्तर्निहित वर्गीय तथा लैङ्गिक विश्वदृष्टिलाई समाजशास्त्रीय कोणबाट व्याख्या गरेका छैनन् । सैद्धान्तिक तथा मार्क्सवादी समालोचनाको क्षेत्रमा डा. ताराकान्त पाण्डेय (२०७३) ले 'साहित्यको समाजशास्त्र र मार्क्सवादी समालोचना' पुस्तकमार्फत साहित्यलाई समाजको उपज मान्दै सामूहिक चेतनाले कसरी कृतिको रूप र अन्तर्वस्तु निर्धारण गर्छ भन्ने विषयमा महत्त्वपूर्ण कडी थपेका छन् । उनले फ्रान्सेली मार्क्सवादी चिन्तक लुसियाँ गोल्डमान को आनुवंशिक संरचनावाद र विश्वदृष्टिको सिद्धान्तलाई नेपाली साहित्यको सन्दर्भमा ढालेर गहन सैद्धान्तिक विमर्श गरे तापनि उनको यस पुस्तकमा कर्नेलको घोडा कथाको व्यावहारिक पाठ–विश्लेषण समेटिएको छैन ।

प्रस्तुत कथाका सन्दर्भमा कृष्ण गौतम (२०७०) ले बिपी कोइराला: सिद्धान्त र सिर्जना. शीर्षकको लेखमा यस कथाभित्र देखिने राणाकालीन सामन्ती समाजको चालचलन आर्थिक सम्पन्नताको आडमा हुने अनमेल विवाह र सांस्कृतिक कुरूपतालाई औँल्याए तापनि उनको अध्ययन कथाको बाह्य सामाजिक पर्यावरणको उद्घाटनमा मात्र बढी केन्द्रित देखिन्छ । उपर्युक्त पाँचै जना समालोचक, अनुसन्धानकर्ता तथा सिद्धान्तकारका अध्ययन र सिद्धान्तहरूलाई केलाउँदा कर्नेलको घोडा कथालाई मनोवैज्ञानिक, लैङ्गिक वा सामान्य सामाजिक–यथार्थवादी कोणबाट मात्र खण्डित रूपमा हेरिएको पाइन्छ । यस कथामा प्रस्तुत अन्तर्वस्तुलाई लुसियाँ गोल्डमानको आनुवंशिक संरचनावादी पद्धति अनुरूप वर्गीय, लैङ्गिक र सांस्कृतिक विश्वदृष्टिको एकीकृत रूपमा अध्ययन नगरिनु नै यस क्षेत्रको मुख्य शोध रिक्तता हो । पूर्वकार्यहरूमा देखिएको यही प्राज्ञिक कमीलाई पूर्ति गर्दै डा. ताराकान्त पाण्डेले भित्र्याएको सैद्धान्तिक जगमा उभिएर यस कथामा अन्तर्निहित वर्गीय, लैङ्गिक, जातीय र सांस्कृतिक विश्वदृष्टिको नवीन अध्ययन गरिएको छ ।

प्रस्तुत लेख लुसियन गोल्डमानले प्रतिपादन गरेको विश्वदृष्टिकोणसम्बन्धी मान्यतामा केन्द्रित रहेको छ, जसले कुनै वर्ग वा समूहको जीवन र जगत्का बारेमा साहित्यमा अभिव्यक्त भएको लेखकको सुसङ्गत दृष्टिलाई नै विश्वदृष्टिकोणका रूपमा व्याख्या गर्दछ । समाजमा व्यक्तिहरूका विचारमा प्रायजसो सङ्गति तथा एकान्विति नहुने भएकाले विश्वदृष्टिकोण एउटा व्यक्तिका विचार तथा भावनाको वास्तविक रूप मात्र नभएर सामूहिक वा पर–वैयक्तिक चेतनाको अभिव्यक्ति हो । कोइरालाले पनि कुनै पनि दर्शन वा विचार सामूहिकतामा सिर्जित हुन्छ र व्यक्तिले त्यसलाई साहित्यमा रूपान्तरित गर्छ भन्ने विचार व्यक्त गरेका छन्, जहाँ सामूहिकता भन्नाले समाजमा व्यक्तिहरूमाझको अन्तरवैयक्तिक सम्बन्धको जालो हो जो अनेक प्रकारका पेसागत, राजनीतिक, जातीय, राष्ट्रिय तथा सामाजिक वर्गसँग सम्बन्धित हुन्छ । तसर्थ, कोइरालाका कथाहरूलाई समाजशास्त्रीय दृष्टिले महत्त्वपूर्ण मानी यस कार्यमा गोल्डमानद्वारा विकसित पद्धतिका आधारमा कृति र समाजबिचको संरचनागत समधर्मिता र विश्वदृष्टिकोणको प्रस्तुतिलाई खोतल्ने वस्तुपरक प्रयास गरिएको छ ।

कोइरालाका कथामा नेपाली समाजमा प्रचलित रूढिप्रथा, अनमेल विवाह, बालविवाह, पारिवारिक कलह, आर्थिक शोषण तथा पितृसत्तात्मक सामाजिक संरचनाको उपस्थिति सबल रूपमा पाइन्छ । विशेष गरी 'कर्नेलको घोडा' कथाले पुरुषले नारीलाई भोग्या वस्तुका रूपमा हेर्ने र अनमेल विवाहद्वारा उनीहरूको जीवन बरबाद गरिदिने पुरुषप्रधान समाजको कुरुप ऐना प्रस्तुत गर्दै पितृसत्तात्मक संरचनाको तीतो यथार्थलाई उद्घाटन गरेको छ । जहाँ पुरुष नै सर्वेसर्वा हुने र नारी अस्तित्वको कुनै गुन्जायस नहुने सामाजिक बाध्यतालाई देखाउँदै नारीले आफ्ना इच्छा र रहरहरू आफैँभित्र सीमित राखी पुरुषको भावनाअनुरूप चल्नुपर्ने अवस्थालाई समुदायगत विश्वदृष्टिकोणका रूपमा प्रस्तुत गरिएको छ । कथामा अभिव्यक्त नारीले भोग्नुपरेको शारीरिक तथा मानसिक पीडा, नारी हिंसा र उत्पीडन जस्ता पक्षहरूले गोल्डमानको सिद्धान्तअनुरूप अध्ययन गर्ने बलियो धरातल तयार पारेका छन् । जसले गर्दा यस लेखको प्राज्ञिक जिज्ञासा, उपयोगिता र औचित्य स्वतः पुष्टि हुन पुग्दछ । यसर्थ प्रस्तुत कथा विश्वदृष्टिका आधारमा पनि अध्ययनीय रहेको छ । यसमा वर्गीय, लैङ्गिकर सांस्कृतिक विश्वदृष्टिको निर्माण भएको पाइन्छ । कथ्यवस्तु र त्यससँग सम्बद्ध भई पात्रहरूले व्यक्त गरेका विचार र व्यवहारका माध्यमबाट कथामा विश्वदृष्टिको प्रस्तुति हुने गर्दछ । विश्वदृष्टिलाई आधार बनाएर 'कर्नेलको घोडा' कथाको वर्गीय विश्वदृष्टि, लैङ्गिक विश्वदृष्टि र सांस्कृतिक विश्वदृष्टि, संरचनागत समधर्मिताका आधारमा गोल्डमानद्वारा विकसित विश्वदृष्टि पद्धतिका आधारमा 'कर्नेलको घोडा' कथाको विश्लेषण गर्दै कृति र समाजबीच कस्तो संरचनागत समधर्मिता पाइन्छ र कथामा विश्वदृष्टिको प्रस्तुति कसरी भएको छ भन्ने प्राज्ञिक जिज्ञासाको वस्तुपरक समाधान खोज्ने प्रयास गरिएको छ ।

**समस्या कथन र शोधप्रश्न**

कोइरालाका कथामा नेपाली समाजमा प्रचलित रूढीप्रथा, अनमेल विवाह, बालविवाह, पारिवारिक कलह, आर्थिक शोषण तथा पितृसत्तात्मक सामाजिक संरचनाको उपस्थिति सबल रूपमा पाइन्छ । विशेष गरी 'कर्नेलको घोडा' कथाले पुरुषले नारीलाई भोग्या वस्तुका रूपमा हेर्ने र अनमेल विवाहद्वारा उनीहरूको जीवन बर्बाद गरिदिने पुरुषप्रधान समाजको कुरूप ऐना प्रस्तुत गर्दै पितृसत्तात्मक संरचनाको तीतो यथार्थलाई उद्घाटन गरेको छ । जहाँ पुरुष नै सर्वेसर्वा हुने र नारी अस्तित्वको कुनै गुन्जायस नहुने सामाजिक बाध्यतालाई देखाउँदै नारीले आफ्ना इच्छा र रहरहरू आफैँभित्र सीमित राखी पुरुषको भावनाअनुरूप चल्नुपर्ने अवस्थालाई समुदायगत विश्वदृष्टिकोणका रूपमा प्रस्तुत गरिएको छ । कथामा अभिव्यक्त नारीले भोग्नुपरेको शारीरिक तथा मानसिक पीडा, नारी हिंसा र उत्पीडन जस्ता पक्षहरूले गोल्डमानको सिद्धान्तअनुरूप अध्ययन गर्ने बलियो धरातल तयार पारेका छन् । तर कथाको यो आन्तरिक बुनावटले तत्कालीन नेपाली समाजको वर्गीय, लैङ्गिक र सांस्कृतिक यथार्थलाई कुन उद्देश्य र कार्यका लागि प्रतिविम्बित गरिरहेको छ भन्ने कुरा निर्दिष्ट रूपमा अझै समस्याकै रूपमा अनुत्तरित छ । यही केन्द्रीय समस्यामा केन्द्रित रही निम्नानुसारको मुख्य शोधप्रश्न निर्माण गरिएको छः

(क) 'कर्नेलको घोडा' कथामा विश्वदृष्टि केकस्तो छ ?
(ख) 'कर्नेलको घोडा' कथामा सामाजिक संरचनागत विश्वदृष्टि कसरी छ ?
(ग) 'कर्नेलको घोडा' कथामा संरचनाको समानधर्मिता किन छ ?

उपर्युक्त शोधप्रश्नका आधारमा 'कर्नेलको घोडा' कथामा अभिव्यक्त गरिएको विश्वदृष्टिको अध्ययन गरी त्यसका आधारमा कृतिको वस्तुपरक विश्लेषण र मूल्याङ्कन गर्नु यस लेखको मुख्य उद्देश्य हो । यस लेखमा 'कर्नेलको घोडा' कथामा अन्तर्निहित वर्गीय, लैङ्गिक र सांस्कृतिक विश्वदृष्टि, ती विशिष्ट वैचारिक अवयवहरू कथाको आन्तरिक साहित्यिक संरचना र पात्रका व्यवहारमा सङ्गठित भई प्रस्तुत भएको विषय तथा तत्कालीन नेपाली समाजको सामूहिक वा परावैयक्तिक चेतना र संरचनागत समधर्मितालाई निरूपण गरिएको छ । यसमा 'कर्नेलको घोडा'

कथाका अतिरिक्त विश्वेश्वरप्रसाद कोइरालाका अन्य कथाको विषयगत तथा साहित्यको समाजशास्त्रीय अध्ययन गर्ने सिद्धान्तका रूपमा विश्वदृष्टिका अतिरिक्त अन्य अवधारणा यस अध्ययनका सैद्धान्तिक सीमाङ्कन हुन् ।

## अध्ययनविधि

प्रस्तुत लेख 'कर्नेलको घोडा' कथामा विश्वदृष्टिसँग सम्बन्धित छ । यस अध्ययन विधिलाई व्यवस्थित र वस्तुपरक बनाउन गुणात्मक अनुसन्धान पद्धति र पुस्तकालयीय कार्यविधि अवलम्बन गरिएको छ । यस क्रममा मनोवैज्ञानिक कथाकार विश्वेश्वरप्रसाद कोइरालाद्वारा रचित तथा 'दोषी चश्मा' कथासङ्ग्रहमा सङ्ग्रहित 'कर्नेलको घोडा' कथालाई प्राथमिक स्रोत सामग्रीका रूपमा ग्रहण गरिएको छ भने शोध–शीर्षकसँग सम्बन्धित अन्य सैद्धान्तिक, प्रायोगिक एवम् समालोचनात्मक सामग्रीहरूलाई द्वितीयक स्रोतका रूपमा उपयोग गरिएको छ । पुस्तकालयीय कार्यबाट प्राप्त सामग्रीहरूलाई विश्लेषण विधिको आधारमा अध्ययन गरिएको छ । प्राथमिक पाठबाट आवश्यक साक्ष्य र उद्धरणहरू ग्रहण गरी विषयवस्तुको प्रकृति अनुसार वर्णनात्मक, व्याख्यात्मक एवम् विश्लेषणात्मक विधिको प्रयोग गरेर अनुसन्धान कार्यलाई अगाडि बढाइएको छ । प्रस्तुत अध्ययन र विश्लेषणको मुख्य सैद्धान्तिक तथा अवधारणात्मक खाका फ्रान्सेली चिन्तक लुसियाँ गोल्डमानको विश्वदृष्टिसम्बन्धी मान्यतामा आधारित रहेको छ, जसले कृति र समाजको संरचनागत सम्बन्धलाई जोड्ने काम गर्दछ । यसै सैद्धान्तिक धरातलमा केन्द्रित भई 'कर्नेलको घोडा' कथाको साङ्गोपाङ्ग विश्लेषणका लागि वर्गीय विश्वदृष्टि, लैङ्गिक विश्वदृष्टि, जातीय विश्वदृष्टि र सांस्कृतिक विश्वदृष्टिलाई मुख्य सूचकका रूपमा निर्धारण गरिएको छ । अन्ततः यिनै निश्चित सूचकहरूको परिधिभित्र रही प्राथमिक पाठबाट प्राप्त प्रमाणहरूको वस्तुपरक चिरफार र व्याख्या गर्दै प्रस्तुत शोधको निष्कर्ष निकालिएको छ ।

## सैद्धान्तिक आधार

प्रस्तुत लेखको आन्तरिक विश्लेषण तथा पाठगत निरूपणका लागि फ्रान्सेली मार्क्सवादी समालोचक तथा चिन्तक लुसियाँ गोल्डमानद्वारा प्रतिपादित विश्वदृष्टि सम्बन्धी मान्यतालाई मुख्य सैद्धान्तिक आधार बनाइएको छ । गोल्डमानले समाज र साहित्यबीचको अन्तर्सम्बन्ध पहिल्याउने क्रममा साहित्यमा व्यक्त विचार लेखकको नितान्त वैयक्तिक भावना नभएर ऊ बाँचेको समय र समाजद्वारा निर्मित सामूहिक चेतना वा परावैयक्तिक चेतना भएको धारणा अघि सारेका छन् । यो चेतना समाज र युगको सापेक्षतामा निर्मित हुने भएकाले यसको बनोट सामाजिक संरचनासँग सममूल्य वा समधर्मी हुन्छ ।

प्रत्येक साहित्यिक कृति लेखकको व्यक्तिगत सिर्जना भए तापनि लेखक आफ्नो समाज र वर्गका अन्य व्यक्तिहरूको चिन्तनबाट अनिवार्य रूपमा प्रभावित हुन्छ । लेखकले आफू सम्बद्ध समूहको सामूहिक विश्वदृष्टि प्रस्तुत गर्ने हुनाले कृतिमा व्यक्त विचार उसको निजी सम्पत्ति मात्र रहँदैन । समाजको संरचनाबाट व्यक्तिको सिर्जनात्मक क्षमता र सम्भाव्यताका विविध आयामहरूलाई अलग गर्ने हो भने लेखक काल्पनिक ब्रह्माण्डको निर्माण गर्न सर्वथा असमर्थ हुन्छ (बोएलहोवर, १९८०, पृ. १४०) । गोल्डमानका अनुसार, प्रत्येक महान् साहित्यिक कृतिमा मानवीय समस्या र मानव–मानवबीचको अन्तर्सम्बन्धलाई सम्बोधन गर्ने क्रममा प्रस्तुत संरचनागत सङ्गति नै त्यस वर्ग वा समूहको विश्वदृष्टि हो । जसले कृतिलाई महानता प्रदान गर्दछ (शेरिडन, १९७५, पृ. १६०) । साहित्यमा समाजको साझा दृष्टिकोण प्रस्तुत हुने भएकाले यो विश्वदृष्टि अभिव्यक्तिको मुख्य आधार हो ।

कलाकृतिभित्र संरचित संसार र बाह्य समाजको वर्ग वा समुदायको विश्वदृष्टिको संरचनाबीच पाइने यस्तो समानतालाई गोल्डमानले संरचनागत समधर्मिता भनेका छन् र साहित्यका समाजशास्त्रीहरूले कृतिभित्र यसै समधर्मिताको खोजी गर्नुपर्ने कुरामा जोड दिएका छन् । साहित्यको समाजशास्बका सम्बन्धमा म्यानेजर पाण्डेय (सन् १९८९) ले पनि साहित्यको समाजशास्त्रलाई सुव्यवस्थित र विश्वसनीय बनाउने क्रममा समाजको कुनै वर्गको

विश्वदृष्टिको संरचनासँग कृतिमा संरचित संसारको समधर्मिता हुने गोल्डमानको मान्यतालाई समर्थन गरेका छन् (पृ. १७४) । साहित्यको समाजशास्त्रमा कृतिमा सामाजिक र सांस्कृतिक परिवेशमा विद्यमान विषय नै विश्वदृष्टिका रूपमा अभिव्यक्त गरिएको हुन्छ । भारतीय समालोचक बच्चन सिंह (सन् २००७) ले कृति व्यक्तिविशेषद्वारा रचिए पनि त्यसको मूलमा उसले अनुभव गरेको समाजको विश्वदृष्टि नै अभिव्यक्त हुने हुनाले अनुभूत विश्वदृष्टि र बाह्य विश्वप्रपञ्चबीच तादात्म्य वा संवाद खोज्नु नै समालोचकको मुख्य दायित्व भएको उल्लेख गरेका छन् (सिंह, २००७, पृ. ८९–९१) । कृतिमा आन्तरिक र बाह्य सामाजिक प्रपञ्चबीच संवाद नदेखिएमा त्यस्तो कृति उच्च कोटीको हुन नसक्ने तर्क गर्दै सिंहले विश्वदृष्टिलाई वैयक्तिक सरोकारको विषय नमानी सामाजिक महत्त्वको विषय मान्ने गोल्डमानकै सामूहिक चेतनाको चर्चा गरेका छन् ।

प्रस्तुत लेखमा गोल्डमानको यसै विश्वदृष्टि र संरचनागत समधर्मितासम्बन्धी मान्यतालाई मुख्य आधार बनाएर विश्वेश्वरप्रसाद कोइरालाको 'कर्नेलको घोडा' कथामा व्यक्त वर्गीय, लैङ्गिक जातीय र सांस्कृतिक विश्वदृष्टिको विश्लेषण र अध्ययन गरिएको छ । कथामा प्रस्तुत सामन्ती एवम् पितृसत्तात्मक परिवेश र त्यसले सिर्जना गरेको लैङ्गिक उत्पीडनको संरचनालाई तत्कालीन नेपाली समाजको वास्तविक ऐतिहासिक–सामाजिक संरचनाको प्रतिविम्ब र सामूहिक चेतनाको द्वन्द्वका रूपमा व्याख्या गर्न गोल्डमानको यो सिद्धान्त पूर्णतः सान्दर्भिक देखिन्छ ।

## नतिजा र विमर्श

प्रस्तुत 'कर्नेलको घोडा' कथामा अभिव्यक्त घटना श्रृङ्खला र परिवेश केवल एउटा पारिवारिक आयाममा मात्र सीमित नरहेर तत्कालीन समाजको सुसङ्गत वैचारिक चेतनाको संवाहकका रूपमा देखा पर्दछन् । मध्यम संरचनागत स्वरूपको यस कथामा काठमाडौँ उपत्यकाको सैन्य सम्भ्रान्त वर्ग र विलासी पारिवारिक वातावरणलाई सामाजिक परिवेशका रूपमा उपयोग गरिएको छ, जसले कृति र समाजबीचको संरचनागत समधर्मितालाई सङ्केत गर्दछ । कथामा केन्द्रीय कथ्यका रूपमा बुनिएको आर्थिक सम्पन्नता र शक्तिको मातमा मात्तिएका ५५ वर्षीय कर्नेल र नवीन आकाङ्क्षाहरूले भरिएकी १९ वर्षीया कर्नेल्नीबिचको अप्राकृतिक एवम् अनमेल विवाह र तत्पश्चात् उत्पन्न दमनकारी गृह–वातावरणले तत्कालीन नेपाली समाजका अनेकन अन्तर्विरोधहरूलाई समेटेको छ । घरको निसासलाग्दो वातावरणबाट मुक्त हुन कर्नेल्नीले तबेलाको एउटा सेतो घोडाप्रति दर्शाएको अगाध स्नेह र त्यसैको प्रतिशोधात्मक ईर्ष्यामा कर्नेलद्वारा गरिएको घोडाको क्रूर हत्यासम्मको घटनाक्रमले आख्यानमा केवल वैयक्तिक द्वन्द्व मात्र प्रस्तुत नगरी सामुदायिक विश्वदृष्टिका बहुआयामिक पाटाहरूलाई उद्घाटन गरेको छ । लुसियन गोल्डमानको विश्वदृष्टिसम्बन्धी मान्यताका आधारमा साहित्यमा यसको सामाजिक संरचनागत विश्वदृष्टि अभिव्यञ्जना हुने आधार वर्गीय, लैङ्गिक, जातीय र सांस्कृतिक विश्वदृष्टि रहेका छन् ।

### 'कर्नेलको घोडा' कथामा अभिव्यक्त विश्वदृष्टिको स्वरूप

प्रस्तुत *दोषी चश्मा* (२००६) कथासङ्ग्रहमा सङ्गृहीत 'कर्नेलको घोडा' कथामा तत्कालीन नेपाली समाजको वर्गीय संरचना पितृसत्तात्मक लैङ्गिक दमन र सामन्ती सांस्कृतिक चेतनाका विविध रूपहरू विश्वदृष्टिका रूपमा अभिव्यक्त भएका छन् । सामाजिक यथार्थको यसै गम्भीर धरातलमा उभिएर कृतिको आन्तरिक बनोट र बाह्य समाजको अन्तर्सम्बन्ध पहिल्याउनु प्रस्तुत विश्लेषणको मूल ध्येय हो । साहित्य र समाजबीचको यही जीवन्त, गतिशील र बहुआयामिक अन्तर्सम्बन्धको वैज्ञानिक अध्ययन गर्ने वाङ्मयको विशिष्ट शाखालाई साहित्यको समाजशास्त्र भनिन्छ । यसले साहित्यलाई समाजको एउटा जीवन्त अङ्ग वा प्रतिबिम्बका रूपमा स्वीकार गर्दै कृतिको सामाजिक धरातल, त्यसको वर्ग–सापेक्षता र त्यस कृतिले समाज निर्माणमा पुऱ्याएको योगदानको गहन चिरफार गर्दछ । समालोचक सिंह (१९९८, पृ. २) का अनुसारः "साहित्य र समाजको यो सम्बन्ध अन्योन्याश्रित हुन्छ र समाजको गतिशीलताले नै

कृतिको वैचारिक धरातल निर्माण गर्दछ। कुनै पनि कृतिको मूल्याङ्कन उसको सामाजिक सापेक्षता र वर्ग–चेतनाका आधारमा मात्र सम्भव हुन्छ।" यसरी साहित्य र समाजको अन्योन्याश्रित सम्बन्धलाई आत्मसात् गर्दै यस विधालाई मार्क्सवादी चिन्तनसँग जोडेर अझ परिष्कृत बनाउने श्रेय फ्रान्सेली समालोचक लुसियन गोल्डमानलाई जान्छ। उनले साहित्यको समाजशास्त्रभित्र आनुवंशिक संरचनावादको स्थापना गरे। जसले कृतिलाई लेखकको नितान्त निजी वा वैयक्तिक अनुभूतिका रूपमा मात्र ग्रहण नगरी विशिष्ट ऐतिहासिक कालखण्डको सामूहिक चेतनाको उपज मान्दछ (पाण्डेय, २०७३, पृ. १८)। 'कर्नेलको घोडा' कथाको हकमा पनि यही सैद्धान्तिक कडी लागू हुन्छ। समाजको कुनै एउटा खास वर्ग वा सामाजिक समूहको आफ्नो जीवन र जगत्का बारेमा रहने सुसङ्गत, सुव्यवस्थित र समग्र दृष्टिकोण नै वास्तवमा विश्वदृष्टि हो (गोल्डमान, १९८०, पृ. १११)। यही सैद्धान्तिक धरातलमा उभिएर हेर्दा कथाकार कोइरालाले तत्कालीन नेपाली समाजमा जड गाडेर बसेको उच्च सम्भ्रान्त सामन्ती वर्गको आर्थिक अहम् त्यसकै आडमा मौलाएको अनमेल विवाहको कुप्रथा र त्यसले सिर्जना गरेको नारी अस्तित्वको दमनलाई यस कथाका माध्यमबाट प्रखर रूपमा प्रस्तुत गरेका छन्।

गोल्डमानको मान्यताअनुसार कुनै पनि साहित्यिक कृति नितान्त व्यक्तिविशेषको मानसिक कल्पना मात्र हुन सक्दैन। बरु कृतिमा व्यक्त भएका गम्भीर विचार, दृष्टिकोण वा भावनाहरू लेखक आबद्ध रहेको वर्ग, समुदाय वा सामाजिक परिवेशको सामूहिक चेतनाबाट अनिवार्य रूपमा निर्देशित र प्रभावित हुन्छन्। 'कर्नेलको घोडा' कथामा अभिव्यक्त वर्गचेतनाले यही नियमलाई पुष्टि गर्दछ। जहाँ आर्थिक सम्पन्नताको अहम् देखाएर कलिलो उमेरकी नारीलाई वस्तुका रूपमा उपभोग गर्ने र विवाहलाई एउटा खरिद–बिक्रीको सम्झौता मान्ने सामन्ती परम्परा देखाइएको छ। धनको आडमा उमेर ढल्केका पुरुषले नवयुवतीसँग विवाह गर्ने र भौतिक सम्पत्तिले नै संसारको सम्पूर्ण खुसी किन्न सकिन्छ भन्ने भ्रम पाल्ने कुरुप यथार्थलाई कथाकारले कथाको मूल कथ्य बनाउनुभएको छ। जो समाजकै सामूहिक सोचको उपज हो। यस यथार्थलाई कथामा कर्नेलको अहम् केन्द्रित अभिव्यक्तिले पुष्टि गर्दछः

> "हेर कर्नेल्नी, तिमीलाई के कुराको दुःख छ? यो घर, यो वैभव, यो मान–प्रतिष्ठा सबै तिम्रै त हो नि। मैले तिम्रा लागि बजारका सबैभन्दा महँगा वस्त्र र बहुमूल्य आभूषणहरू ल्याइदिएको छु। तिमीले जे इच्छा गर्छौ त्यो क्षणभरमै पुरा हुन्छ। अनि तिमी किन सधैँ यसरी टोलाइरहन्छयौ ?" (कोइराला, २००६, पृ. २८)।

गोल्डमान भन्दछन् कि मानव समाजको विकासक्रममा एउटा वर्ग वा समूहले अर्को वर्ग वा समूहसँग विभिन्न किसिमका सम्बन्धहरू निर्माण गर्ने क्रममा उक्त समूहको सर्वाधिक सम्भावनायुक्त अन्तर चेतनाका आधारमा एउटा सुसङ्गत विश्वदृष्टिको निर्माण हुन पुग्दछ। कलाकृतिको आन्तरिक सङ्गठन र सुसङ्गत संरचना यसै सामूहिक विश्वदृष्टिबाट निर्देशित हुन्छ। कथामा मुख्य पात्र पैँतालीस वर्षभन्दा बढीका वृद्धोन्मुख कर्नेल र १९ वर्षकी मस्त जवानीले भरिएकी कर्नेल्नी हुन्। जसको उमेरमा आधाभन्दा बढीको विशाल खाडल छ। दुई पात्रको उमेरमा रहेको यो अन्तरका कारण उनीहरूको इच्छा, रहर, जीवनप्रतिको दृष्टिकोण र सोचाइमा भिन्नता आउनु सर्वथा स्वाभाविक देखिन्छ। कर्नेल्नीभित्र रहेको युवावयको प्राकृतिक शारीरिक तथा मानसिक चाहनालाई पुरा गर्न असमर्थ कर्नेलले त्यसको क्षतिपूर्ति भौतिक वस्तुहरूबाट गर्न खोज्छन्। कर्नेलले बजारबाट किनेर ल्याइदिएका महँगा वस्त्र, बहुमूल्य आभूषण र विलासी सरसामानहरूसँग कर्नेल्नी आफ्ना आन्तरिक इच्छा, आकाङ्क्षा र खुसीहरूलाई साट्न सक्दिनन् र उनी महलको त्यस ऐश्वर्यभित्र पनि सदैव निरस र दुःखी रहन बाध्य हुन्छिन्।

गोल्डमानका अनुसार महान् प्रतिनिधि लेखक वा कलाकार त्यही हो। जसले आफ्नो व्यक्तिगत सङ्कीर्णताभन्दा माथि उठेर आफ्नो वर्ग वा समुदायको अधिकतम अन्तरचेतना र सामूहिक भावनालाई कलात्मक रूपमा व्यक्त गर्न समर्थ हुन्छ। यही सन्दर्भमा रुथ (१९९२, पृ. १११) को मतलाई उद्धृत गर्दै रिजाल (२०७६, पृ. ८०) लेख्छन् कि लेखकले आफ्नो युगको वर्ग–चेतनालाई प्रखर रूपमा प्रस्तुत गर्नुपर्दछ। कथाकार कोइरालाले यही सामर्थ्य

प्रस्तुत गरेका छन् । कर्नेल्नीलाई खुसी पार्न अगाध पैसा खर्च गर्दा पनि उनीमा कुनै चमक वा खुसी नदेखेपछि कर्नेलमा एक किसिमको क्षोभ र खिन्नता पैदा हुन्छ । कर्नेलसँग अगाध धन–सम्पत्ति र सामाजिक प्रतिष्ठा भए तापनि कर्नेल्नी उनीसँग आत्मिक रूपमा जोडिन र खुसी हुन सकेकी छैनन् । आफ्नी पत्नीलाई खुसी पार्ने अनेकन प्रयास असफल भएपछि, सोही क्रममा एक दिन कर्नेलले उनलाई आफ्नो तबेला देखाउन लैजान्छन् । तबेलामा कर्नेलले बडो चाख र रहरले किनेर राखेको एउटा सेतो घोडा देखेपछि कर्नेल्नी अनायासै त्यसतर्फ आकर्षित हुन्छिन् र त्यस मूक जनावरको स्याहार–सुसारमा आफूलाई पूर्ण रूपमा समर्पित गरिदिन्छिन् ।

गोल्डमानको सिद्धान्तले स्पष्ट पार्छ कि कृतिको संरचना र समाजको संरचनाबिच एउटा वास्तविक सममूल्यता वा संरचनागत समधर्मिता हुन्छ । जहाँ समाजमा बस्ने मानिसहरूको विचारले एकअर्कालाई प्रभावित पारेको हुन्छ र त्यो दर्शन, कला वा साहित्यमा प्रकट हुन्छ । कर्नेल्नीले घोडामा आफ्नो निसास्सिएको भावना र चाहनाको ओत पाएर त्यसमै मग्न भई रमाउन थालेको दृश्य कर्नेलका लागि सर्वथा असह्य र बिझाउने बन्दछ । आफ्नी स्त्री आफूभन्दा बढी एउटा जनावरप्रति अनुराग राख्छे भन्ने सोचेर उसको पुरुषअहम् ब्युँझिन्छ र उनी आफ्नो रिस यसरी व्यक्त गर्दछन्ः

> "तिमीलाई केको दुःख छ र यो सबै मलाई सुनाउँछौ ? तिम्रो मनमा केको अशान्ति छ र घोडाको सूसूषा गरेर तिमीलाई शान्ति ? तिम्रो मप्रति पनि त कर्तव्य छ नि घोडालाई गरेको जति पनि कहिल्यै एकैछिनका लागि मेरो विचार गर्यौ ? साँचो भनूँ, मलाई घोडादेखि ईर्ष्या छ तिम्रो चालले कर्नेल्नी !" (कोइराला, २००६, पृ. ३२)।

प्रस्तुत उद्धरण र कथाको घटनाक्रमलाई लुसियन गोल्डमानले व्याख्या गरेको समाजको वैचारिक संरचनाको कडीसँग जोडेर हेर्दा कर्नेलजस्ता शोषक पुरुषहरू आफ्नी श्रीमतीले आफ्नो परिधिभन्दा बाहिर गएर स्वतन्त्र रूपमा खुसी भएको सहन सक्दैनन् भन्ने देखिन्छ । पितृसत्तात्मक मान्यताअनुसार श्रीमती भनेको सधैँ श्रीमान्कै इच्छा र इसाराअनुरूप चल्नुपर्ने जड वस्तु हो र त्योभन्दा बाहिर गएर नारीले आफ्नो स्वतन्त्र व्यवहार वा सोच राख्नु हुँदैन भन्ने ठानिन्छ । यदि नारीले आफ्नो आत्मिक स्वतन्त्रताको खोजी गरिहालेको खण्डमा पुरुषको अहम्मा गहिरो ठेस लाग्न पुग्छ र उनीहरूभित्र प्रतिसोधात्मक ईर्ष्या पैदा हुन्छ । यही हिंस्रक ईर्ष्याका कारण पुरुषहरू जस्तोसुकै क्रूर कदम उठाउन पनि पछि हट्दैनन् भन्ने कुरा कर्नेलले आफ्नै रहरले किनेर ल्याएको प्रिय सेतो घोडामाथि गोली प्रहार गरी निर्मम हत्या गरेको प्रसङ्गले प्रमाणित गर्दछ ।

गोल्डमानले कृतिको आन्तरिक संरचनाको गम्भीर विश्लेषणबाट मात्र समाजको वास्तविक चरित्र पहिल्याउन सकिने कुरामा जोड दिएका छन्, जसलाई उनी विचारधारा वा भ्रमपूर्ण चेतना भन्दा माथिको यथार्थ मान्छन् (पाण्डेय, २०७३, पृ. १९)। आफ्नी श्रीमती आफूसँग भन्दा बढी घोडासँग एकाकार र खुसी भएको यथार्थ कर्नेलका लागि यस हदसम्म असह्य हुन्छ कि उनले घोडाको रगत बगाउन कत्ति पनि सङ्कोच मान्दैनन् । बाह्य रूपमा उनी कर्नेल्नीलाई ओठे सहानुभूति देखाउँछन् । तर जब कर्नेल्नी भौतिकताभन्दा माथि उठेर सही अर्थमा आफ्नो आत्मिक खुसी रोज्छिन् तब कर्नेलको पुरुषत्व पराजित हुन्छ । कर्नेलद्वारा घोडाको हत्या गरिनु वास्तवमा कर्नेल्नीको त्यही आत्मिक खुसी र स्वतन्त्रताको घाँटी रेट्नु हो । यसबाट के स्पष्ट हुन्छ भने, पुरुषवादी सोचले ग्रस्त यो समाज नारीलाई केवल आफ्नो अनुकूलतामा मात्र खुसी भएको हेर्न चाहन्छ । नारीको आफ्नै मौलिक अनुकूलतामा होइन। यदि नारीले आफ्नो अस्तित्व र खुसी आफैँ निर्धारण गर्न खोज्छिन् भने त्यो पुरुष समाजका लागि कति घातक र असह्य हुन्छ भन्ने कुरालाई कथामा अभिव्यक्त पितृसत्तात्मक र समुदायगत विश्वदृष्टिका माध्यमबाट प्रखर रूपमा प्रस्तुत गरिएको छ । अन्ततः साहित्यिक कृतिमा व्यक्त विश्वदृष्टिले समाजको कुनै न कुनै वर्ग वा समूहको वास्तविक हित र सामूहिक चेतनाको प्रतिनिधित्व गर्नुपर्दछ भन्ने लुसियन गोल्डमानको सैद्धान्तिक मान्यता र 'कर्नेलको घोडा' कथाको आन्तरिक बुनावटबिच पूर्ण तादात्म्यता देखिन्छ । कथामा प्रस्तुत अनमेल विवाह, पुरुषवादी अहम् र प्रतिशोधको घटनाले लेखकको नितान्त

व्यक्तिगत कल्पनालाई मात्र नभएर तत्कालीन समाजको शोषक सामन्ती वर्ग र उत्पीडित नारी वर्गबिचको संरचनागत द्वन्द्व र सामाजिक यथार्थको सुसङ्गत विश्वदृष्टिलाई नै प्रतिबिम्बित गरेको प्रमाणित हुन्छ ।

**'कर्नेलको घोडा' 'कर्नेलको घोडा' कथामा सामाजिक–संरचनागत विश्वदृष्टि**

प्रस्तुत कथामा मार्क्स र नवमार्क्सवादी मान्यताका आधारमा निर्माण र निर्धारण भएका सामाजिक–संरचनागत विश्वदृष्टिको सशक्त अभिव्यक्ति भएको पाइन्छ । यस परिप्रेक्ष्यमा कथाभित्र अन्तर्निहित सामाजिक, वर्गीय, लैङ्गिक र सांस्कृतिक विश्वदृष्टिका विविध आयामीय स्वरूपहरूलाई थप सघन रूपमा केलाउन आवश्यक देखिन्छ । यसअन्तर्गतका मुख्य आयामहरूलाई निम्नबमोजिम वर्गीकरण गरी विश्लेषण गर्न सकिन्छः

**'कर्नेलको घोडा' कथामा वर्गीय विश्वदृष्टि**

प्रस्तुत 'कर्नेलको घोडा' कथाको आन्तरिक बनावटलाई नियाल्दा यसभित्र तत्कालीन सामन्ती नेपाली समाजको वर्गीय ध्रुवीकरण र शोषक वर्गको वर्ग–सापेक्ष चिन्तन वर्गीय विश्वदृष्टिका रूपमा प्रखर भएर आएको देखिन्छ । कथामा प्रस्तुत सम्भ्रान्त सैन्य वर्गको दम्भ र श्रमजीवी वर्गको लाचारी केवल पात्रहरूको वैयक्तिक स्वभाव नभएर समाजको आर्थिक–सांस्कृतिक संरचनाको उपज हो । मानव समाज र जीवन ऐतिहासिक रूपमा अनेकौँ युग र चरणहरू पार गर्दै परिष्कृत एवम् विकसित रूपमा अघि बढेको हो । वर्ग र समाजको यस ऐतिहासिक विकासक्रम तथा सांस्कृतिक रूपान्तरणका विषयमा मार्क्सवादी चिन्तक रेमन्ड विलियम्सको अवधारणा सबैभन्दा गहन र सान्दर्भिक मानिन्छ । विलियम्स (१९७७, पृ. ११०) का अनुसार समाजमा एउटा प्रभुत्वशाली वर्ग हुन्छ । जसले उत्पादनका साधन, राजनीति र संस्कृतिमा आफ्नो एकाधिकार जमाउँछ र मातहतका वर्गलाई नियन्त्रण गर्न एउटा विशिष्ट सांस्कृतिक हेजिमोनी वा वैचारिक प्रभुत्वको निर्माण गर्दछ । लुसियन गोल्डमानको आनुवंशिक संरचनावादी सिद्धान्तको धरातलमा उभिएर हेर्दा 'कर्नेलको घोडा' कथामा तत्कालीन राणाकालीन एवम् सामन्ती नेपाली समाजको उत्तरार्धमा विद्यमान यही प्रभुत्वशाली वर्गको वर्गीय विभाजन र वर्गीय मानसिकताको सबल उद्घाटन भएको पाइन्छ ।

प्रस्तुत 'कर्नेलको घोडा' कथामा कर्नेल उच्च सम्भ्रान्त, शासक र शोषक वर्गका प्रतिनिधि पात्र हुन् भने तबेलाको रेखदेख गर्ने सिस्या, नोकरचाकर र सुसारेहरू समाजको निम्न, श्रमजीवी एवम् शोषित वर्गका प्रतिनिधि हुन् । कथामा मुख्य रूपमा आर्थिक सम्पन्नता, सामन्ती शासन र सैन्य शक्तिको मातमा मत्त भएका कर्नेल र उनको भव्य महलको विलासी परिवेशलाई उच्च वर्गको संस्कृतिका रूपमा प्रस्तुत गरिएको छ । कर्नेलले समाजको उच्चवर्गीय र शक्तिशाली व्यक्तिको प्रतिनिधित्व गरेको सन्दर्भमा कथाको साक्ष्य यसप्रकार छः 'कर्नेलका अगाडि कसैको केही लाग्दैनथ्यो। ... ऐश्वर्य र शक्तिको एउटा सानो रूप नै कर्नेलको दरबार थियो, जहाँ जे माग्यो त्यही हाजिर हुन्थ्यो र हुकुम नै सर्वोपरि कानुन बन्दथ्यो' (कोइराला, २००६, पृ. ४५) । कथामा आएको यस साक्ष्यले तत्कालीन सम्भ्रान्त समाजमा कर्नेलको वर्ग, वैभव र अकाट्य सत्ताको पराकाष्ठालाई दर्शाउँछ । रेमन्ड विलियम्सको मान्यताअनुसार यस्तो शासक वर्गले आफ्नो वर्ग–स्वार्थ रक्षाका लागि राज्यका संयन्त्र र हुकुमी शासनलाई वैध बनाउँछ । आदिम साम्यवादको अन्त्यपछि विकसित भएको यो सामन्ती वर्ग आफैँमा कति निर्मम र दमनकारी हुन्छ भन्ने सत्यलाई यस प्रसङ्गले अकाट्य रूपमा सङ्केत गर्दछ, जहाँ विलासिता नै शक्तिको नापो बन्न पुग्छ ।

उच्च वर्गका मानिसहरू सम्पत्ति र शक्तिको आडमा तल्लो वर्ग र नारी जातिलाई केवल आफ्नो प्रतिष्ठा र उपभोगको साधन मात्र ठान्दछन् भन्ने वर्गीय मानसिकता कथामा प्रवल रूपमा प्रस्तुत भएको छ । कर्नेलले १९ वर्षीया सुकोमल कर्नेल्नीका निमित्त वस्त्र, गहना र पाउडर किनेर ल्याइदिनु तर उनको आन्तरिक जैविक एवम् भावनात्मक चाहनालाई बुझ्न नसक्नु उच्च वर्गको यान्त्रिक, कृत्रिम र शोषित जीवनशैलीकै परिणाम हो। यस सन्दर्भमा कथाको साक्ष्य उल्लेखनीय छः 'कर्नेल्नीका निमित्त बनारसी साडी, राम्रा–राम्रा लाली र अत्तरका बट्टा आउँथे । कर्नेल उनलाई

एउटा बहुमूल्य खेलौनाजस्तै सजाएर राख्न चाहन्थे, जसमा उनको वर्गीय अहम् सन्तुष्ट हुन सकोस्' (कोइराला, २००६, पृ. ४७) । कथाको यस साक्ष्यबाट स्पष्ट हुन्छ कि कर्नेलले कर्नेल्नीलाई मानवीय अस्तित्व र स्वतन्त्र पहिचान नदिई केवल आफ्नो उच्चवर्गीय सान, शौकत र सजावटको वस्तुका रूपमा मात्र ग्रहण गरेका छन् । यो मानसिकता कर्नेलको नितान्त वैयक्तिक स्वभाव मात्र नभएर तत्कालीन राणाकालीन र सामन्ती सम्भ्रान्त वर्गको सामूहिक चेतनाको उपज हो, जसले साधन र सम्पत्तिको आडमा संसारको प्रत्येक वस्तु र भावनालाई खरिद गर्न तथा नियन्त्रणमा राख्न सकिन्छ भन्ने वर्गीय अहम् पालेको हुन्छ ।

अर्कातर्फ कथामा तबेलाको हेरचाह गर्ने सिस्याजस्ता पात्रहरू निम्नवर्गीय श्रमजीवी तप्काका हुन्, जो उच्च वर्गको चरम डर, त्रास र चाकरीमा बाँचेका छन् । कर्नेल्नी जब घरको निसासलाग्दो वैभवबाट मुक्त हुन तबेलाको एउटा सेतो घोडाप्रति आकर्षित हुन्छिन् र त्यसलाई सुमसुम्याउन थाल्छिन्, तब कर्नेलमा तीव्र ईर्ष्या र पुरुष एवम् वर्गीय अहम् जागृत हुन्छ । आफ्नो वर्ग र शक्तिको घमन्डमा चुर भएका कर्नेलले एउटा मूक जनावरसँग आफ्नी दुलहीको सामीप्यता खप्न सक्दैनन् किनभने रेमन्ड विलियम्सले भनेझैँ प्रभुत्वशाली वर्ग आफ्नो अधीनमा रहेका वस्तु, सम्पत्ति र प्राणीमाथि पूर्ण, निरङ्कुश र असीमित नियन्त्रण चाहन्छ । कथाको अन्त्यतिर कर्नेलले त्यस घोडालाई नियन्त्रणमा लिन खोज्दा घोडाले उनलाई पछारिदिन्छ, जसबाट उनको शक्ति र वर्गीय दम्भको स्खलन हुन पुग्दछ । आफ्नो अहम्मा लागेको यस चोटको बदलास्वरूप उनले घोडाको क्रूर हत्या गर्छन्, जसको सन्दर्भमा कथामा भनिएको छः 'कर्नेलले आफ्नो पिस्तोल निकाले र घोडाको निधारमा ताकेर गोली ठोकिदिए। घोडा ढल्यो, र कर्नेलको पुरुष एवम् वर्गीय अहम्ले एउटा मूक प्राणीमाथि आफ्नो अन्तिम प्रतिशोध पुरा गऱ्यो' (कोइराला, २००६, पृ. ५२) । कथाको यस साक्ष्यले उच्च वर्गको दमनकारी, एकाधिकारवादी र हिंस्रक चरित्रलाई पूर्ण रूपमा अनावरण गर्दछ। शासक वर्ग आफ्नो वर्चस्व र नियन्त्रण गुम्ने खतरा देखिनासाथ कतिसम्म क्रूरता र पाशविकतामा उत्रिन्छ भन्ने वर्गीय यथार्थलाई यसले उद्घाटन गरेको छ । घोडाको हत्या वास्तवमा निम्न वर्गको प्रतिरोध र नारीको आत्मिक स्वतन्त्रतालाई कुल्चने सामन्ती शासकको अन्तिम हिंस्रक अस्त्र हो ।

